# ११ भुमरीबाट आवाज

<u>*यस अध्यायका मूल पदहरू:*</u> अय्यूब ३८-३९, यूहन्ना १:२९, मत्ती १६:१३, १ कोरन्थी १:१८-२७, अय्यूब ४०:१-४, अय्यूब ४२:१-६ र लूका ५:१-८।

<u>*यस अध्यायको स्मरण गर्नुपर्ने मूल सार पद:*</u> **"जब मैले पृथ्वीको जग बसालें त्यसबेला तिमी कहाँ थियौ? यदि तिमीलाई थाहा छ भने मलाई भन।"** (अय्यूब ३८:४ रूपान्तरित)।

अय्यूब र उनका प्रत्येक साथी एक आपसमा फरक हुनसक्छन्। तर एउटा कुरामा तिनीहरू एकैसाथ छन्। प्रत्येकले परमेश्वरको बारेमा धेरै कुराहरू गर्दथे र तिनीहरूको आफ्नै बिचारमा परमेश्वर कस्तो हुनुहुन्छ भनेर बुझेका थिए। हुनतः तिनीहरूले भनेको कतिपय कुरामा हामी सहमत हुन्छौं। उदाहरणमा यो लिन सकिन्छः "पशुहरूलाई सोध परमेश्वरले के गर्नुहुन्छ। तिनीहरूले तपाईंहरूलाई सिकाउन सक्छन्। आकाशका चराहरूलाई हेर। तिनीहरूले पनि परमेश्वरको महिमाको बारे बोल्न सक्छन् वा पृथ्वीसँग सोध जसले तपाईंहरूलाई सिकाउनेछ। वा समुद्रका माछाहरूले तपाईंहरूलाई शिक्षित बनाउने छन्। के ती कुनै यस्ता जीवहरूलाई थाहा छैन कि परमेश्वरको शक्तिशाली हातले के गर्नुभयो? प्रत्येक प्राणीको जीवन परमेश्वरको हातमा छ। प्रत्येक मानव प्राणीको सास उहाँले नियन्त्रण गर्नुहुन्छ।" (अय्यूब १२:७-१० रूपान्तरित)। अथवा यो धारणाः "के परमेश्वरले कहिलै पनि मानिसहरूलाई दुर्व्यवहार गर्नुहुन्छ र? के बलवान परमेश्वरले जे गलत छ त्यो ठिकै भएको देखाउनुहुन्छ र?" (अय्यूब ८:३ रूपान्तरित)।

यस अय्यूबको पुस्तकको बिषयबस्तु अय्यूबको बेदना हो। तर अय्यूब र उनका साथीहरूको बीचमा जे छलफल भयो त्यसको मूल बिषयबस्तुचाहीं परमेश्वर थियो। तर प्रथम् दुई अध्यायहरूमा बाहेक परमेश्वर मानौं लुकिरहनुभएको छ। जब पुस्तक निरन्तररूपमा अघि बढ्छ परमेश्वर पृष्ठभूमीमा रहिरनुहुन्छ। तर ती सबै परिवर्तन हुन थाल्छ। अब परमेश्वरले आफ्नो पक्षमा बोल्नुहुन्छ।

## १. आँधीबेहरीबाट आवाज घन्किन्छ (अय्यूब ३८:१)

अय्यूब र उनका मित्रहरूको बीचमा भइरहेको सबै वादविवादको बीचमा के भयो जुन् अरूबेलामा भन्दा फरक थियो? हेर्नुहोस्: अय्यूब ३८:१ "तब परमप्रभुले अय्यूबलाई आँधीबेहरीबाट यसरी जवाफ दिनुभयो:"

अचानक र अपेक्षा नगरिएको बेलामा अय्यूबको पुस्तकमा परमेश्वर देखापर्नुहुन्छ। अय्यूब २:६पछि परमेश्वर पहिलो पल्ट बोल्नुहुन्छ। अय्यूब २:६मा परमेश्वरले शैतानलाई यसरी भन्नुभयो , "ल हुन्छ। मैले अय्यूबलाई तिम्रो हातमा सुम्पेको छु। तर उनको ज्यानलाई जोगाउनु" (रूपान्तरित)।

परमेश्वरको त्यस अचानक उपस्थिति हुन पाठकहरू तयार थिएनन्। अय्यूब ३७ अध्याय एलीहूको भाषणपछि अन्त्य हुन्छ। अनि त्यसको लगत्तै परमेश्वर आँधीबेहरी वा भूमरीबाट अय्यूबलाई जवाफ दिनुहुन्छ (अय्यूब ३८:१)। रफ्तारमा हेर्ने हो भने त्यस पदमा अब केवल परमेश्वर र अय्यूबमात्र महत्त्वपूर्ण व्यक्तित्वहरू हुन गएका थिए र अरू मानिसहरू चुपचाप भए। कमसेकम त्यस बेला त्यो भएको देखिन्छ।

अङ्ग्रेजीभाषामा उल्लेख गरिएको शब्द ह्वर्लविन्ड (whirlwind) नेपाली भाषामा भूमरी भनिएतापनि हिब्रू भाषामा "आँधीबेहरी" हो अर्थात् डरलाग्दो हुरीबतास। मानिसहरूको सामु परमेश्वर देखापर्नुहुँदाको परिस्थितिलाई जोडेर त्यो शब्द प्रयोग गरिएको हो (उदाहरणमा यशैया २९:६, जकरिया ९:१४)। स्वर्गमा एलियालाई लगिएको बेलामा पनि के भयो भनेर व्याख्या गर्न उक्त शब्द प्रयोग गरिएको थियो: "जब आँधीबेहरीबाट परमेश्वरले स्वर्गमा एलियालाई लैजान लाग्नुभएको थियो, तब एलिया र एलिशा गिलगालको बाटोमा जाँदै थिए" (२ राजा २:१ रूपान्तरित)।

मानिसहरूको सामु परमेश्वर देखापर्ने मामिलालाई व्याख्या गर्न थियोफानी (theophany) भन्ने शब्द प्रयोग गरिन्छ। त्यो युनानी अर्थात् ग्रीक भाषाको दुई शब्दहरूबाट आएका हुन्: थियोको (theo) अर्थ परमेश्वर र फेइनेन (phainen)को अर्थ देखाउनु हो। त्यसकारण थियोफानीको अर्थ मानिसको सामु र देखापर्नु हो। अय्यूबको ३८ अध्यायमा परमेश्वर अय्यूबसँग कसरी थियोफानीरूपमा देखापर्नुभएको थियो सो स्पष्टरूपमा भनिएको छैन। त्यसकारण त्यसबेला परमेश्वरको रूप कस्तो थियो र उहाँ कसरी देखापर्नुभयो सोको जानकारी हामीलाई छैन। तर यो स्पष्ट छ कि उहाँ एलियालाई जस्तो सानो सुरिलो आवाजमा बोलिहरनुभएको थिएन (१ राजा १९:१२)। बरू

अय्यूब र उनका साथीहरूको बीचमा परमेश्वर अन्त्यन्त शक्तिशाली र प्रभावकारी रूपमा देखापर्नुभएको थियो। त्यसले गर्दा अय्यूबको ध्यान पुग्न गएको थियो।

पापी मानिसहरूको बीचमा परमेश्वर देखापर्नुभएको यो पहिलो अवसरमात्र थिएन। तर जबजब उहाँ देखापर्नु हुन्छ तबतब परमेश्वर मानव जातसँग कतिको नजिक हुनुहुन्छ भनेर देखाउँछ।

हामी मानव जातिसँग परमेश्वर कतिको नजिक हुनुहुँदो रहेछ भनेर देहायका पदहरूले कसरी जानकारी दिन्छन्? हेर्नुहोस्ः उत्पत्ति १५ः१-६ "१ त्यसपछि दर्शनमा अब्रामकहाँ परमप्रभुको यो वचन आयो, "अब्राम, तिमी नडराऊ। तिम्रो सुरक्षाकवच म नै हुँ, र तिम्रो इनाम अत्यन्त ठूलो हुनेछ।" २ तर अब्रामले भने, "हे परमप्रभु परमेश्वर, तपाईंले मलाई के दिनुहुन्छ र? किनभने म सन्तानविहीन नै छु, मेरो घरको उत्तराधिकारी दमस्कसको एलीएजर हुनेछ।" ३ फेरि अब्रामले भने, "हेर्नुहोस्, तपाईंले मलाई सन्तान दिनुभएन, र मेरो घरमा जन्मेको दास नै मेरो उत्तराधिकारी हुनेछ।" ४ तब परमप्रभुको यो वचन फेरि तिनीकहाँ आयो, "यो मानिसचाहिँ तिम्रो उत्तराधिकारी हुनेछैन, तर जो तिम्रो आफ्नै छोरा हुन्छ त्यही नै तिम्रो उत्तराधिकारी हुनेछ।" ५ अनि उहाँले तिनलाई बाहिर लगेर भन्नुभयो, "आकाशतिर हेरेर तारा गन्न सक्छौ कि सक्दैनौ, गनिहेर।" उहाँले तिनलाई भन्नुभयो, "तिम्रा सन्तानहरू पनि त्यस्तै हुनेछन्।" ६ अनि तिनले परमप्रभुमाथि विश्वास गरे, र यो तिनको निम्ति धार्मिकता गनियो (रूपान्तरित)"।, उत्पत्ति ३२ः२४-३२ "२४ यसरी याकूबचाहिँ एकलै छोड़िए। अनि एक जना व्यक्ति उज्यालो नहोउञ्जेल तिनीसित कुश्ती लड़े। २५ यी व्यक्तिले याकूबलाई जित्न नसकेका देखेर याकूबका कम्मरको खोक्रो भाग छोए, र उनीसित कुश्ती लड्दालड्दै याकूबको कम्मरको गेड़ी फुस्क्यो। २६ तब ती व्यक्तिले भने, "उज्यालो हुन लाग्यो। मलाई जान देऊ।"

तर याकूबले भने, "मलाई आशीर्वाद नदिउञ्जेल म तपाईंलाई जान दिन्नँ।" २७ उनले तिनलाई भने, "तिम्रो नाउँ के हो?" तिनले भने, "याकूब।" २८ त्यस व्यक्तिले भने, "अब उप्रान्त तिम्रो नाउँ याकूब होइन तर इस्राएल हुनेछ, किनभने तिमीले परमेश्वर र मानिसहरूसँग लड़न्त गऱ्यौ, अनि विजयी भयौ।" २९ तब याकूबले उनलाई सोधे, "बिन्ती छ, मलाई भन्नुहोस्, तपाईंको नाउँ के हो?" तर उनले उत्तर दिए, "मेरो नाउँ तिमी किन सोध्छौ?" अनि उनले

तिनलाई आशीर्वाद दिए। ३० यसकारण याकूबले त्यस ठाउँको नाउँ पनीएल राखे, किनकि "परमेश्वरको सम्मुखै परे तापनि मेरो ज्यान बाँच्यो" भनी तिनले भने। ३१ तिनको कम्मरले गर्दा तिनी खोच्याई-खोच्याई हिँड्र पनीएल नाघिसक्दा सूर्योदय भयो। ३२ तिनका कम्मरको नसो छोइएको हुनाले आजसम्म इस्राएलीहरू कम्मरको नसो खाँदैनन्।" र यूहन्ना १:२९,३० "२९ भोलिपल्ट उनले येशूलाई आफूतिर आइरहनुभएको देखेर भने, "हेर, संसारको पाप उठाइलैजाने परमेश्वरका थुमा! ३० उनी उहाँ नै हुनुहुन्छ, जसको विषयमा मैले भनेको थिएँ, 'मपछि एक जना मानिस आउनुहुन्छ, जो मभन्दा उच्च हुनुहुन्छ, किनभने उहाँ मभन्दा अघिबाटै हुनुहुन्थ्यो।' "

कतिपय वैज्ञानिक, बुद्धिजिवी वा दार्शनिकहरूले व्यक्त गरेको अनुसार परमेश्वरले यस संसारलाई सृष्टि गर्नुभयो र अनि हामीप्रति कुनै चासो नराखी पलायन हुनुभयो भन्ने धारणा बाइबलले सिकाउँदैन भनेर हामीलाई महान् र अत्यन्त महत्त्वपूर्ण बाइबलबाटै सिक्दछौं। तर उहाँ त्यो परमेश्वर हुनुहुन्छ जो हामीहरूसँग अत्यन्त नजिक हुनुहुन्छ। हामीमा जतिसुकै दुःख,कष्ट, शोक, समस्या, बेदना र पीडाहरू वा यस संसारमा जतिसुकै प्रतिकूल परिस्थितिको सामना गर्नुपरेतापनि परमेश्वर हाम्रो नजिक हुनुहुन्छ भन्ने आत्मज्ञान हामीमा छ जसले गर्दा उनीमाथि हामी पूर्ण भरोसा राख्न सक्छौं।

**परमेश्वर हामीहरूको नजिक हुनुहुन्छ भनेर लोकप्रिय ढँगले बिश्वास गर्नु एक पक्ष हो। तर के हामी उहाँको नजिक छौं भनेर आभास् पाउँछौं? तपाईं परमेश्वरको नजिक आउन कसरी सिक्नुहुन्छ जसले गर्दा त्यस सम्बन्धमा तपाईंले आशा र सान्त्वना पाउनुहुन्छ?**

## २. परमेश्वरले सोध्नुहुन्छ (अय्यूब ३८:२)

भयानक भुमरीबाट परमेश्वर बोल्नुभएपछि त्यहाँ केही क्षण सन्नाटा अर्थात् चुपचापको वातारण हुन्छ जुन् अय्यूबको निम्ति अत्यन्त लामो भएको देखिन्थ्यो। अनि अन्तमा परमेश्वर बोल्नुहुन्छ तर सो कुरो अय्यूबले शायद सुन्न तयार थिएनन्।

अय्यूब ३८:२ पढ्नुहोस्। त्यसमा परमेश्वरले सबभन्दा पहिलो प्रश्न के गर्नुहुन्छ? त्यस प्रश्नबाट परमेश्वरले के भन्न खोज्नुभएको थियो? हेर्नुहोस्: "यो को हो जसले मूर्ख कुराहरू गरेर मेरो सल्लाहलाई धमिल्याउन खोज्छ?"

मानिसले सोध्ने प्रश्नहरू परमेश्वरले नै सोधिरहनुभएको बाइबलभरि हामी पाउँछौं। उहाँलाई जवाफ थाहा नपाएर प्रश्न सोध्नुहुन्न। तर कुनै असल शिक्षक जस्तै परमेश्वरले हामीसँग प्रश्न गर्नुहुन्छ किनभने हामीहरूको परिस्थितिप्रति राम्ररी सजग हुन उहाँले प्रश्नहरू सोध्नुहुन्छ। परिस्थितिहरूलाई हामीले आफैले सामना गरेर, हामीहरूसँग भएको बिषयबस्तुहरूलाई राम्ररी सम्हालेर जे भइरहेको छ सो सही रूपमा हामीले बुझ्न सकौं भनेर उहाँले प्रश्नहरू गर्नुहुन्छ। त्यसकारण जुन् प्रश्नहरू परमेश्वरले गर्नुहुन्छ त्यसका जवाफहरू उहाँलाई थाहा नभएर होइन उहाँलाई सिकाउन होइन। तर उहाँले प्रायजसो सोधिने प्रश्नहरूमा त्यसको जवाफ मानिसहरूबाटै मिलोस भनेर हो ताकि तिनीहरूले जान्नुपर्ने बिषयबस्तुहरूलाई राम्रोसँग तिनीहरूले नै बुझुन्। परमेश्वरका प्रश्नहरू ती औजारहरू हुन् जसले गर्दा मानिसहरूको माझमा सत्य पुऱ्याउन सहयोग गर्दछन्।

परमेश्वरले सोध्नुभएका देहायका प्रश्नहरू पढ्नुहोस् र ती प्रश्नहरू सोध्न उहाँको आशय के हो? उहाँले के भन्न कुरालाई औंल्याउन खोज्नुभएको छ? हेर्नुहोस्ः उत्पत्ति ३:११ "उहाँले सोध्नुभयो, "तिमी नाङ्गै छौ भनेर कसले भन्यो? जुन रूखको फल नखानू भनी मैले तिमीलाई आज्ञा दिएको थिएँ के तिमीले त्यो खायौ", उत्पत्ति ४:९ "९ तब परमप्रभुले कयिनलाई सोध्नुभयो, "तिम्रो भाइ हाबिल कहाँ छ?" तिनले भने, "मलाई थाहा छैन। के म मेरो भाइको गोठाला हुँ र?", १ राजा १९:९ "तिनी त्यहाँ एउटा ओड़ारभित्र पसे र त्यहीं रात बिताए। तब परमप्रभुको यो वचन तिनीकहाँ आयो, "हे एलिया, तिमी यहाँ के गर्दैछौ?", प्रेरित ९:१-६ "१ शाऊल प्रभुका चेलाहरूका विरुद्धमा अझ पनि धम्की र हत्याको धुनमा प्रधान पूजाहारीकहाँ गए, २ र तिनले त्यस मार्गका पुरुष होस् वा स्त्री, जसलाई फेला पारे पनि तिनीहरूलाई बाँधेर यरूशलेममा ल्याउन पाऊँ भनी दमस्कसका सभाघरहरूको नाउँमा पुर्जी मागे। ३ जब शाऊल यात्रा गर्दै दमस्कसको नजिक पुगे, अचानक स्वर्गबाट एउटा ज्योति तिनको वरिपरि चम्क्यो। ४ तिनी भूइँमा लोटे, र तिनले यसो भन्ने सोर सुने, "शाऊल, शाऊल, तिमी किन मलाई सताउँछौ?" ५ तिनले भने, "प्रभु, तपाईं को हुनुहुन्छ?" अनि उहाँले भन्नुभयो, "म येशू हुँ, जसलाई तिमी सताउँदैछौ। ६ तर उठेर सहरमा जाऊ, र तिमीले जे गर्नुपर्छ सो तिमीलाई बताइनेछ।" र मत्ती १६:१३ "येशू कैसरिया फिलिप्पीको मुलुकमा आउनुभएपछि, उहाँले

आफ्ना चेलाहरूलाई सोध्नुभयो, "मानिसहरूले मानिसको पुत्रलाई को हो भनी भन्छन्?"

परमेश्वरको बारेमा अय्यूबलाई भन्न धेरै थिए। आफ्नो सृष्टिकर्ता परमेश्वरको बारेमा धेरै थाहा नभएको र नबुझेको अय्यूबले थाहा पाउन् भनेर परमेश्वरले स्पष्ट रूपमा चाहनुभएको थियो। अय्यूब ३८मा परमेश्वरले अय्यूबलाई सुरूमा गर्नुभएको प्रश्न ती प्रश्नहरू जस्तै थिए जुन् अय्यूबका साथीहरूले सोधेका थिए (अय्यूब ८:१,२, अय्यूब ११:१-३, अय्यूब १५:१-३)।

**मानौं तपाईको बर्तमान आत्मिक जीवनको स्थितिको बारेमा परमेश्वरले तपाईंलाई सोध्न चाहनुहुन्छ रे? उहाँले तपाईंलाई के सोध्नुहुन्छ होला? तपाईंको जवाफ कस्तो हुने होला? प्रश्न र जवाफले तपाईंको बारेमा तपाईंलाई के सिकाउँछ?**

## ३. परमप्रभु परमेश्वर सृष्टिकर्ताको रूपमा (अय्यूब ३८)

परमेश्वरले अय्यूबलाई थुप्रो प्रश्नहरू सोध्नुहुन्छ। ती प्रश्नहरूको उद्देष्य के हो? हेर्नुहोस् अय्यूब ३८ "१ तब परमप्रभुले अय्यूबलाई आँधीबेहरीबाट यसरी जवाफ दिनुभयोः २ "यो को हो जसले मूर्ख कुराहरू गरेर मेरो सल्लाहलाई धमिल्याउन खोज्छ ३ तिम्रो कम्मर कसेर मर्दझैं खड़ा हो, म तिमीलाई सवाल गर्छु, र तिमीले मलाई जवाफ देऊ। ४ "पृथ्वीको जग मैले बसाल्दा तिमी कहाँ थियौ तिमीले बुझ्छौ भने मलाई बताऊ। ५ त्यसको नाप कसले ठहरायो तिमीले ता जान्नुपर्ने थियो! कसले त्यसमा नापको डोरी टाँग्यो? ६ त्यसलाई थाम्ने खम्बाहरू कहाँ अड्याइएका छन्? त्यसको जगको ढुङ्गा कसले बसाल्यो ७ जब त्यस दिनको मिरमिरे उज्यालोमा ताराहरूले एकसाथ गाए, र स्वर्गदूतहरू रमाहटले कराए। ८ "समुद्र पृथ्वीको गर्भबाट फुटेर निस्कँदा त्यसलाई रोक्न कसले ढोकाहरू बन्द गर्‍यो ९ जब मैले त्यसलाई बादलको कम्बलले ढाकें, र बाक्लो कुइरोले त्यसलाई लपेटें। १० त्यसका ढोकाहरू र आग्लाहरू ठीक ठाउँमा राखेर, जब मैले त्यसका सिमाना ठहराएँ, ११ र मैले भने, 'यतिसम्म मात्र तँ आउन सक्छस्, अरू यता आउन सक्दैनस्, तेरा शक्तिशाली छालहरू यही नै रोकिनुपर्छ'। १२ "तिम्रो जीवनकालमा के तिमीले कहिल्यै बिहानीलाई आज्ञा गरेका छौ अथवा प्रभातलाई त्यसको ठाउँ देखाएका छौ १३ ताकि यसले पृथ्वीको छेउ समातेर दुष्टहरूलाई त्यहाँबाट

हटाउन त्यसलाई हल्लाओस् १४ माटोले टाँचाको मुन्तिर आकार लिएजस्तै पृथ्वीले आकार धारण गर्छ, त्यहाँका आकृति लुगाको जस्तै प्रष्ट देखिन्छन्। १५ दुष्टहरूलाई प्रकाश दिइँदैन र तिनीहरूका उठाइएका हात भाँचिन्छन्। १६ “के तिमी समुद्रको मूलहरूसम्म झरेका छौ अथवा जानै नसकिने गहिराइमा हिँड़िका छौ १७ के मृत्युका मूल ढोकाहरू तिमीलाई प्रकट गरिएको छ के तिमीले अँध्यारो ठाउँका ढोकाहरूलाई कहिल्यै देखेका छौ १८ के तिमीले पृथ्वीको विस्तृत फैलावटलाई बुझेका छौ यी सबै तिमीले जानेको भए मलाई बताऊ। १९ “ज्योतिको मुहान कता छ र अन्धकार कहाँ वास बस्छ २० के तिमीले तिनीहरू हरेकलाई तिनीहरूका ठहराएका सिमानामा लैजान सक्छौ र तिनीहरूका घर जाने बाटो तिमीलाई थाहा छ २१ निःसन्देह तिमीले यी सबै कुरा जान्दछौ होला, किनकि तिमी जन्मिसकेका थियो! तिमी कति धेरै वर्ष बाँच्न सक्यौ! २२ “के तिमी हिउँको भण्डारमा पुगेका छौ अथवा असिना थुपारेको स्थान तिमीले देखेका छौ २३ जो मैले विपत्तिको दिन, युद्ध र लड़ाइँको घड़ीको निम्ति जोगाएर राखेको छु? २४ कुन बाटोहरूदेखि बिजुली यताउता फैलिन्छ, अथवा पूर्वीय बतास पृथ्वीमा चारैतिर उड़ाइन्छ २५ महावृष्टिको लागि कसले नहर खनेको छ र तूफानको निम्ति बाटो कसले तयार गरेको छ ? २६ निर्जन ठाउँमा उजाड़-स्थानलाई भिजाउनका निम्ति २७ उजाड़ र रूखो जमिनहरूलाई हरियोभरियो बनाउनलाई र सुक्खा जमिनमा घाँसहरू उमार्नलाई कसले बाटो तयार गऱ्यो २८ के वृष्टिको कुनै बाबु छ शीतको थोपालाई जन्माउने बाबु को हो ? २९ कसको गर्भले हिउँलाई जन्मायो आकाशबाट झर्ने तुसारोको आमाचाहिँ को हो ? ३० कहिले पानी ढुङ्गाजस्तै कड़ा बन्दछ, कहिले गहिरो महासागरको सतह जम्छ? ३१ “के तिमी किरकिटी ताराहरूलाई बाँध्न सक्छौ अथवा मृगशिराको पुञ्जलाई फुकाल्न सक्छौ? ३२ के तिमीले गृह नक्षत्रहरूलाई तिनका ॠतु-ॠतुमा निकाल्न सक्छौ अथवा सप्तर्षि-तारा र तिनका दललाई डोऱ्याउन सक्छौ ? ३३ आकाशको शासन गर्ने नियमहरूलाई के तिमीले जानेका छौ पृथ्वीको प्राकृतिक नियमहरूलाई तिमीले ठहराउन सक्छौ ३४ र आफूलाई पानीको भलले ढाक्न सक्छौ ३५ के तिमीले बिजुलीलाई तिनीहरूको मार्गमा पठाउँछौ के तिनीहरूलाई ‘हामी यहाँ छौं’ भनी तिमीलाई भन्छन् र? ३६ कसले हृदयलाई बुद्धि दियो अथवा मनलाई समझदारी दियो ? ३७ को यस्तो बुद्धिमानी छ जसले मेघलाई गन्न सक्छ र आकाशमा भएको पानीको भण्डारलाई रित्त्याउँछ ? ३८

कहिले धूलो माटो कड़ा हुन्छ, र माटोको डल्ला एकसाथ टाँसेर बस्छ? ३९ "के सिंहनीको निम्ति तिमीले शिकार खोजिदिन्छौ र सिंहको भोकलाई तिमीले तृप्त पार्न सक्छौ? ४० जब तिनीहरू आफ्नो ओड़ारमा ढुकिबस्छन्, अथवा आफू लुकेको ठाउँमा पर्खिरहेका हुन्छन्? ४१ कागका बचेराहरूले खानेकुराको अभावमा परमेश्वरको पुकारा गर्दा, कसले कागलाई त्यसको आहार जुटाइदिन्छ" (रूपान्तरित)

अय्यूबलाई आतङ्कित पार्ने सबै घट्नाहरूको व्याख्या बिस्तारपूर्वक पाउन अपेक्षा गरेतापनि उनले त्यो पाउँदैन। बर त्यसको सट्टामा परमेश्वरबाट यस्ता जवाफको निम्ति अपेक्षा गरिएका प्रश्नहरूको ओइरो पाउँछन् जसले गर्दा उहाँको सृष्टि गर्ने शक्ति अय्यूबको समझशक्तिले बुझ्न भ्याउँदैन। परमेश्वरको शक्तिको तुलनामा अय्यूबको जीवन छोटो छ र उनको ज्ञान थोरै छ।

खास गरेर परमेश्वरले आफ्नो प्रश्न यसरी सुरू गर्नुहुन्छ "मैले पृथ्वीको जग राख्दा तिमी कहाँ थियौ?" (अय्यूब ३८:४ रूपान्तरित)। उत्पत्तिको पुस्तकमा भएका सबभन्दा पहिला दृष्यहरू परमेश्वरले दोहोऱ्याउनुहुन्छ। उदाहरणमा त्यसमा केही कामहरू यस प्रकारका छन्ः पृथ्वी, समुद्र, ज्योति र अन्धकारको उत्पत्ति। अनि परमेश्वरले अय्यूबलाई छेद हानेर भन्नुहुन्छ, "ल ल तिमीलाई थाहा छ रे। तिमी जन्मिसकेका थियौ! तिमी धेरै वर्ष जिएका छौ होइन र?" (अय्यूब ३८:२१ रूपान्तरित)।

अनि फेरि प्रत्युत्तरको अपेक्षा गर्दै सृष्टिका अचम्म र रहस्यहरूलाई औंल्याउँदै परमेश्वरले श्रृंखलावद्ध रूपमा प्रश्नहरू गर्नुहुन्छ। ती प्रश्नहरूमा यस पृथ्वीको जग, मौसम र नक्षत्र तथा ताराहरूका रहस्यहरू समेटिएको छ। "के तिमीले सप्तर्षी ताराहरूलाई बाँध्न सक्छौ? ओरियन ताराहरूलाई बाँधेका डोरीहरू के तिमीले फूकाल्न सक्छौ?" (अय्यूब ३८:३१ रूपान्तरित)। अनि मानिसको बुद्धिदेखि (अय्यूब ३८:३६) जन्तु जनावरहरूसम्मका जीवनहरूको बारेमा औंल्याउँदै परमेश्वरले अय्यूबलाई पृथ्वीतिर ध्यानाकर्षण गर्छन्। ती विषयबस्तु अझ राम्रोसँग अध्याय ३९मा पनि व्याख्या गरिएको छ। यदि अय्यूबको पुस्तक आज लेखिएको भए परमेश्वरले यी प्रश्नहरू गर्नुहुन्थ्यो होला, "कसले क्वार्क, प्रोटोन र न्युट्रनहरूलाई बाँधिराखेको छ? (भौतिक शास्त्रका तत्वहरू)। पृथ्वीका बिभिन्न घनत्वहरू वा गहिरा भौतिक पदार्थहरूलाई नाप्दा तिमी कहाँ थियौ? के तिम्रै बुद्धिले समय र अन्तरिक्षलाई गुरुत्वाकर्षणले लच्काउँछ र?"

ती सबै प्रश्नहरूको जवाफ त एउटै हुनसक्छः अहँ छैन! भौतिक संसारमा भएका कुनै पनि काममा अय्यूब थिएन। परमेश्वरले बोल्नुभएका कुनै पनि अचम्महरूको बारेमा अय्यूबलाई कमै थाहा थियो। अय्यूबका अरू साथीहरूको तुलनामा अय्यूबले बोलेका कुराहरूमा केही बुद्धि र ज्ञानमा ठिक (अय्यूब ४२:७) थिए होलान् भनेर परमेश्वरले औंल्याउन खोज्नुभएको थियो। तैपनि अय्यूबले यो स्विकार्नुपर्छ कि उनलाई जे थाहा छ सो कमै थाहा छ। सृष्टिभएका संसारको रहस्यको बारेमा साँच्चिकै उनलाई कमै थाहा भएकोले उनमा ज्ञानमा कमि भएको देखाएको थियो।

**यदि सृष्टिको बारेमा अय्यूबलाई कमै थाहा छ भने सृष्टिकर्ताको बारेमा उनलाई कति थाहा छ र? सृष्टिकर्ता र उहाँले सृष्टि गर्नुभएका मानिसहरूको बीचमा कस्तो शक्तिशाली भिन्नता? अय्यूबभन्दा र हामी कोही भन्दा (येशू बाहेक) परमेश्वर भिन्न हुनुहुन्छ भनेर परमेश्वरले देखाउनुहुन्छ। परमेश्वरको सामु हामी को हौं र उहाँको तुलनामा हामी कति नगन्य छौं! तर त्यस परमेश्वरले पापको दलदलदेखि हामीलाई उचाल्न उहाँले के गर्नुभयो र सदासदा उहाँसँग सङ्गति गर्न उहाँले हामीलाई कस्तो हात पसारिरहनुभएको छ? के त्यसलाई तपाईंले ठम्याउन सक्नुहुन्छ?**

## ४ बुद्धिमानी तथा दार्शनिकहरूको बुद्धि वा दर्शनहरू (१ कोरन्थी ३:१९)

बर्तमान परिप्रेक्ष्यमा परमेश्वरले सोध्नुभएका प्रश्नहरूको बारेमा अध्ययन गर्नु सजिलो छ र अय्यूबले जस्तो मानिसमा कतिको अल्पज्ञान छ भनेर हामी महसुस गर्न पनि सक्छौं। अय्यूब हजारौं वर्ष पहिले जन्मेका थिए त्यसबेला अहिलेको जस्तै विज्ञानका धेरै कुराहरू थाहा थिएन त्यसकारण साधारण जवाफ पनि उनलाई थाहा नहुन सक्छ। हजारौं वर्षसम्म सूर्य पृथ्वीको वरिपरि घुम्छ भनेर विश्वास गरेका थिए भने पन्द्रौं शताब्दीदेखि मात्र सूर्य होइन पृथ्वी घुम्छ भनेर बल्ल बुझ्न थालेका थिए।

आधुनिक विज्ञानको निम्ति हामी धन्यवादी छौं किनभने बाइबलको समयमा रहेका मानिसहरूलाई थाहा नभएका प्राकृतिक संसारको बारेमा कतिपय रहस्यहरू हामीलाई अहिले थाहा छ। यद्यपि अनेकौं विज्ञानको ज्ञानको बाबजुद पनि पनि उहाँले गर्नुभएको सृष्टिका सबै रहस्यहरू र तिनीहरूका सुरूवातहरू सबै हामीलाई थाहा छ भनेर हामी दावी गर्न सक्दैनौं।

अय्यूब ३९ अध्याय फेरि पढ्नुहोस् र ३९ अध्याय पनि पढ्नुहोस्। परमेश्वरले सोध्नुभएका प्रश्नहरूको जवाफ बर्तमानसमयका मानिसहरूले पनि कतिको जवाफ दिन सक्छन् र? सोच्नुहोस्। हेर्नुहोस् अय्यूब ३९ “१ पहाडका घोरलहरू कहिले जन्मन्छन्, के तिमीले जान्दछौ के मुडुली मृगले बच्चा जन्माएकी तिमीले देखेका छौ २ तिनका पेटमा कति महिना बच्चाहरू रहन्छन् वा कहिले तिनीहरूको जन्मने बेला हुन्छ, के तिमीले जान्दछौ ३ तिनीहरू कहिले व्यथा लागेर निहुरन्छन् र आफ्ना बच्चा ब्याउँछन्, के तिमीले जान्दछौ ४ ती बच्चाहरू खुल्ला मैदानमा चर्छन् र बलिया हुन्छन्, बाहिर जान्छन् र फेरि फर्केर आउँदैनन्। ५ जङ्गली गधाहरूलाई कसले आफू खुसी चर्न स्वतन्त्रता दियो ६ तिनीहरूको बासस्थान मैले उजाड-भूमिमा बनाइदिएको छु, तिनीहरूलाई नुनका बेसीहरूमा गौंडा-गौंडा बनाउन दिइएको छ। ७ तिनीहरूले सहरका होहल्ला घृणा गर्दछन्, कसैको अधीनमा बसी खटाएको काम तिनीहरूले गर्दैनन्। ८ तिनीहरूका चरनहरू डाँडाहरूमा छन्, त्यहाँ तिनीहरूले खानलाई हरियो घाँस खोज्दछन्। ९ के जङ्गली गोरुले तिम्रो काम गर्ला? के त्यो तिम्रो गोठमा रात बिताउन राजी होला १० के तिमीले त्यसलाई डोरीले बाँधेर जमिन जोत्न वा तिम्रो बारीमा दँदे तान्न लाउन सक्छौ ११ के तिमी त्यसको मुढे बलमा भरोसा गर्न सक्छौ के त्यसले तिम्रो निम्ति ठूलो परिश्रम गरिदेला र १२ के त्यसले तिम्रा फसल बटुलिदेलान् र तिम्रा अन्नबाली खलाबाट जम्मा गरिदेला १३ शुतुरमुर्गका पखेटा कति चाँडो-चाँडो चल्छन्। तर त्यो सारसजस्तो उड्न सक्दैन। १४ त्यसले बालुवामा फुल पार्छ र त्यस बालुवाले फुलहरूलाई गरम राख्दछ। १५ कसैका खुट्टाले ती फुललाई कुल्चिदिन्छ वा जङ्गली जन्तुले फुटाइदिन्छ भन्ने कुरोको त्यसले वास्ता राख्दैन। १६ ती बच्चाहरू आफ्ना होइनन् जस्तै गरी त्यसले व्यवहार गर्दछ र आफ्नो परिश्रम खेर गएकोमा केही वास्ता गर्दैन। १७ किनकि बुद्धि बाँड्दा मैले त्यसलाई मूर्ख बनाएर केही समझ दिइनँ। १८ तर दगुर्दा त्यसले कुनै पनि घोडा वा घोड-चढीलाई लज्जित तुल्याउँछ। १९ अय्यूब, के तिमीले घोडाहरूलाई त्यति बलियो बनाएको छौ? अनि तिनीहरूलाई त्यस्तो सुन्दर जगर दिएको होस् २० के तिमीले नै तिनीहरूलाई सलहझैं उफ्रन लाउँछौ वा नाक बजाउँदै मानिसहरूलाई तर्साउन लाउँछौ २१ बेसीमा जोशसित त्यसले टाप बजार्दै भूइँ खोस्रन्छ र पूरा बल लाएर दुश्मनसित दौडेर लड्न गइहाल्छ। २२ त्यसले डर मान्दैन, तरवार देखेर भाग्दैन। २३ त्यसको माथि काँडको

ठोक्रा थर्रर गरेर बज्दछ, त्यहाँ भाला र बर्छा चम्कन्छन्। २४ जोशले काम्दै त्यो दगुरेर अघि बढ्छ, तुरही बज्दा त्यो चुप लागेर बस्न सक्दैन। २५ तुरहीको आवाज सुनेर त्यसले नाक बजाउँछ, टाढैबाट त्यसले लडाइँको गन्ध पाउँछ र कप्तानको आज्ञा सुन्दछ। २६ बाजले पखेटा चाल्न र दक्षिण दिशातिर पखेटा फैलाएर उड्न तिमीबाट सिकेको हो र २७ के चिलले माथि उडेर पहाडमाथि गुँड लाउन तिम्रो आज्ञा पर्खन्छ २८ अग्ला-अग्ला चट्टानमा त्यसले आफ्नो गुँड र चट्टानको तीखो चुचुरोमा आफ्नो गढी बनाउँछ। २९ त्यहाँबाट टाढा-टाढासम्म नियालेर हेरी त्यसले आफ्नो शिकार खोज्दछ। ३० सिनुका चारैपट्टि चिलहरू जम्मा हुन्छन् र त्यसका बचेराहरूले रगत चुस्छन्।"

यो कुरा हामी स्वीकार गर्दछौं कि एक फेरा रहस्यमय भएका कुराहरूलाई विज्ञानले अहिले खुलाइ दिएका छन्। तैपनि धेरै यस्ता रहस्यहरू छन् जुन् हामीले सिक्न बाँकि नै छ। परमेश्वरले सृष्टि गर्नुभएका कतिपय कुराहरूको बारेमा हामीलाई सिकाएर त्यसका अचम्म कुराहरू र रहस्यहरू विज्ञानले खुलाएकोले ती कुराहरूको बारेमा जान्न झन उत्सुकता जगाइदिएका छन्। प्राकृतिक संसार कति अचम्म र बुझ्न अझ कति गहिरो छ भनेर बिज्ञानले खुलाइदिएका छन् जुन् बितेका पुस्ताहरूलाई केही पनि थाहा थिएन।

"परमप्रभु हाम्रो परमेश्वरले केही कुराहरू लुकाएर राख्नुहुन्छ। तर अरू कतिपय कुराहरूको बारेमा उहाँले हामी र हामीहरूको सन्तानलाई सदासदा जानकारी दिनुहुन्छ" (व्यवस्था २९:२९ रूपान्तरित)। परमेश्वरले संसार तथा त्यहाँ भएका यावत थोकहरूलाई कसरी सृष्टि गर्नुभयो सो कुरा मानिसहरूलाई कहिलै पनि देखाउनुभएको छैन। अत्यन्त उच्च परमेश्वरका रहस्यहरू मानव विज्ञानले खोजेर कहिलै पनि भेट्टाउन सक्दैन। परमेश्वरको शक्ति र जीवनको बारेमा हामीले कहिलै पनि बुझ्न सक्दैनौं।"-एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. ११३बाट रूपान्तरित।

मानिसहरूको ज्ञानको सिमितलाई लिएर देहायका पदहरूले हामीलाई सतर्क गराएका छन्। ती वचनहरूबाट हामीले के सिक्न सक्दछौं? हेर्नुहोस् १ कोरन्थी ३:१८-२३ "१८ कसैले आफैंलाई धोखा नदेओस्। तिमीहरूका बीचमा कोही यस युगको जान्ने ज्ञानी छु भन्ने सोच्दछ भने ऊ साँचो रूपले ज्ञानी हुन मूर्ख बनोस् १९ किनभने संसारको ज्ञान परमेश्वरको अगाडि मूर्ख कुरा हो। धर्मशास्त्रमा लेखिएको छ, "परमेश्वरले ती ज्ञानी मानिसहरूलाई

उनीहरूको चलाकीपनमा नै पक्रिनुहुन्छ।" २० फेरि अर्को ठाउँमा धर्मशास्त्रले भन्छ, "ज्ञानीहरूको विचार काम लाग्नेछैन भनी प्रभुलाई थाहा छ।" २१ त्यसो हुँदा कसैले मानिसले गर्न सक्ने काममा घमण्ड नगरोस्। खासमा सबै कुरा तिमीहरूकै हुन्, २२ पावल, अपोल्लोस र पत्रुस, संसार, जीवन र मृत्यु, अहिलेको समय, पछिको समय सबै तिमीहरूकै हुन् २३ र तिमीहरूचाहिँ ख्रीष्टका अनि ख्रीष्टचाहिँ परमेश्वरका हुनुहुन्छ।" र १ कोरन्थी १:१८-३१ "१८ क्रूसमा भएको ख्रीष्टको बलिदानको प्रचार नाश हुनेहरूका लागि मूर्खको कुरो हो, तर हामी बचाइएकाहरूका लागि परमेश्वरको शक्ति हो। १९ यस्तै धर्मशास्त्रमा परमेश्वरले भन्नुभएको छ, "ज्ञानीको ज्ञानलाई नाश पार्छु र बुद्धिमान्को बुद्धिलाई रद्द गर्नेछु।" २० खै, ज्ञानी कहाँ छ? खै, व्यवस्थाका पण्डित यस युगको तर्कशास्त्री खै? के परमेश्वरले संसारको ज्ञानलाई बेकम्मा बनाउनुभएन २१ आफ्नो ज्ञान-बुद्धिको शक्तिमा संसारको मानिसले परमेश्वरलाई चिन्न सक्नेछैन भनी परमेश्वरले नै आफ्नो ज्ञानमा ठहराउनुभयो। त्यसो हुँदा परमेश्वरले त प्रचारको मूर्ख कुराबाटै विश्वास गर्नेलाई बचाउन चाहनुभयो। २२ यहूदीहरूले प्रमाणको लागि अचम्मको काम र ग्रीकहरूले चाहिँ ज्ञान खोज्छन्, २३ तर हामीले चाहिँ क्रूसमा झुन्ड्याइनुभएका ख्रीष्टकै प्रचार गर्छौं। यहूदीहरूका लागि यो ठेस लाग्ने कुरो भयो अनि ग्रीकहरूका लागि यो मूर्ख कुरो ठहरियो। २४ तर परमेश्वरले बोलाउनुभएका यहूदी र अन्य मानिसहरूका लागि चाहिँ ख्रीष्ट नै परमेश्वरको शक्ति र परमेश्वरकै ज्ञान हुनुहुन्छ २५ किनभने परमेश्वरको मूर्ख कुरा मानिसको ज्ञानभन्दा पनि ठूलो छ र परमेश्वरको कमजोरी मानिसको शक्तिभन्दा शक्तिशाली छ। २६ भाइहरू, परमेश्वरले बोलाउनुभएको बेला तिमीहरू कस्ता थियौ विचार गर। संसारको स्तरअनुसार तिमीहरू धेरै जना ज्ञानी थिएनौ। धेरै जना शक्तिशाली थिएनौ। ठूला-ठूला घरानामा जन्मिएका थिएनौ। २७ तर परमेश्वरले ज्ञानीलाई लाजमा पार्न संसारमा मूर्ख ठहरिएकाहरूलाई छान्नुभयो अनि बलियाहरूलाई लाजमा पार्न संसारका कमजोर ठहरिएकाहरूलाई चुन्नुभयो। २८ म नै हुँ भन्नेहरूलाई लाजमा पार्न संसारले सानो र तुच्छ ठानेकाहरूलाई र काम नलाग्नेहरूलाई परमेश्वरले रोज्नुभयो। २९ यो आफ्नो अघि कसैले घमण्ड गर्न नपाओस् भनेर नै उहाँले गर्नुभयो। ३० उहाँले तिमीहरूलाई येशू ख्रीष्टसँगै एक बनाउनुभएको छ। उहाँकै कामले ख्रीष्ट हाम्रो ज्ञान हुनुभएको छ। हामी ख्रीष्टद्वारा परमेश्वरको अघि ठीक ठहरिन्छौं। हामी परमेश्वरका पवित्र र छुटकारा

पाएका जन बन्दछौं। ३१ यसैकारण धर्मशास्त्र भन्छ, "यदि कसैले घमण्ड गर्न चाहन्छ भने प्रभुले गर्नुभएको काममा नै घमण्ड गरोस्।"

बिगत केही सय वर्ष अघिदेखि विज्ञानको क्षेत्रमा ज्ञानको बिस्फोट भएतापनि सृष्टिका कतिपय कुराहरूले हामीलाई अचम्भित पारिरहेको छ र पृथ्वीका रहस्यहरूको बारेमा हामीलाई कति थोरै थाहा रहेछ भनेर हामी छक्क परिरहेका छौं। प्राकृतिक संसारमा जति हामी सिक्यौं त्यति हामीलाई ती थोकहरू रहस्यमय र अचम्म पारिरहेको छ। तपाईंको जीवनमा परमेश्वरका यस्ता के कुराहरूको अनुभव गर्नुभएको छ जसले गर्दा हामीहरूको परमेश्वरको शक्तिको बारेमा मुक्त कंठले प्रशंसा दिन सक्छौं?

## ५ धूलो र खरानी घस्दै पश्चाताप (अय्यूब ४०:१-४, अय्यूब ४२:१-६)

परमेश्वरले अय्यूबलाई आफ्नो पहिचान गराउनुभएपछि भावुक भएर अय्यूबले परमेश्वरलाई सोध्छन्? हेर्नुहोस्: अय्यूब ४०:१-४ "१ फेरि परमप्रभुले अय्यूबलाई भन्नुभयो: २ "सर्वशक्तिमान्सँग वाद-विवाद गर्नेले उहाँलाई सच्याउन सक्छ र? परमेश्वरलाई दोष दिनेले उहाँलाई उत्तर दिओस्।" ३ तब अय्यूबले परमप्रभुलाई यसो भनेर जवाफ दिए: ४ "म जाबोले तपाईंलाई के जवाफ दिन सक्छु र? म मेरो हात मेरो मुखमा राख्दछु।" र अय्यूब ४२:१-६ "१ तब अय्यूबले यसो भनेर परमप्रभुलाई जवाफ दिए: २ "तपाईं सबै कुरा गर्न सक्नुहुन्छ भनी म जान्दछु, तपाईंका कुनै योजना पनि बिफल गर्न सकिँदैन। ३ तपाईंले सोध्नुभयो, 'ज्ञानैविना मेरा सल्लाहलाई कसले धमिलो बनाउँछ?' निश्चय मैले त आफैले नजानेका महान् कामहरूका विषयमा कुरा गरेको छु, मैले जान्न नसक्ने साह्रै अचम्मका कुराहरू। ४ "तपाईंले भन्नुभयो, 'अब ध्यानसित सुन्, र म तिमीसँग बोल्नेछु, म तिमीलाई प्रश्न गर्छु, र तिमीले मलाई उत्तर दिनेछौ'। ५ मेरा कानहरूले तपाईंका बारेमा सुनेका मात्र थिए, तर अब ता म तपाईंलाई आफ्नै आँखाले देख्दछु। ६ यसैकारण म आफूलाई तुच्छ ठान्छु, अनि धूलो र खरानीमा बसेर म पश्चात्ताप गर्दछु।"

परमेश्वरले अय्यूबलाई जे देखाउनुभयो त्यसले गर्दा अय्यूब अत्यन्त प्रभावित भएका थिए। अय्यूब ४२:२मा अय्यूबले परमेश्वरलाई सोध्छन्, "तपाईंले मलाई सोध्नुभयो तिमी (अय्यूब) को हो र जसले परमेश्वरको योजनासंग असहमती जनाउँछ?" रूपान्तरित)। परमेश्वरले अय्यूबलाई सोध्नुभएको पहिलो प्रश्न उनले दोहोऱ्याउँछन्। अय्यूबलाई अब जवाफ थाहा

हुन्छः आफूलाई के थाहा छ सो साँच्चिकै थाहा नभएको अय्यूबले स्वीकार्दछन्।

अय्यूब ४२:५मा परमेश्वरको बारेमा सुनेको मात्र थियो भनेर अय्यूबले भन्दछन् अब उनले उहाँलाई प्रत्यक्ष्य देखें भनेर भन्दछन्। अब परमेश्वरको बारेमा अझ राम्रो ज्ञान भएको अय्यूबले महसुस गर्दछन्। आफू को हो भनेर अय्यूबले पनि थाहा पाउँछन्। उनले अनुभव गरेको त्यो भावना थियो। आफ्नो अल्पज्ञान र पापको महसुस गरेर तीप्रति उनी बितृष्णा प्रकट गर्छन् र धुलो र माटो घसेर उनले पश्चाताप गर्छन्।

परमेश्वरका प्रवक्ता वा अगमवक्ता यशैयाको र पत्रुसको पनि झन्दै अय्यूबको जस्तै अनुभव थियो। हेर्नुहोस्: यशैया ६:१-५ "१ उज्जियाह राजा मरेको वर्षमा मैले परमप्रभुलाई अग्लो र उच्च सिंहासनमा विराजमान हुनुभएको देखें। उहाँको वस्त्रको छेउले मन्दिरै ढाकेको थियो। २ उहाँको मास्तिर सराफहरू (स्वर्गदूतहरू) खड़ा थिए– प्रत्येकका छ-छ वटा पखेटा थिए। दुई वटा पखेटाले तिनीहरूले आफ्नो मुख ढाकेका थिए, दुई वटाले आफ्ना खुट्टा ढाकेका थिए, र दुई वटाले तिनीहरू उड्दैथिए। ३ अनि एउटाले अर्कालाई यसो भन्दै तिनीहरू पुकार्दैथिएः "सर्वशक्तिमान् परमप्रभु, पवित्र, पवित्र, पवित्र हुनुहुन्छ, सारा पृथ्वी उहाँको महिमाले भरिपूर्ण छ।" ४ तिनीहरूका स्वरले ढोकाहरू र जगहरू हल्लिए, र मन्दिर धूवाँले भरियो। ५ मैले भनें, "धिक्कार! म नष्ट भएँ, किनभने म अशुद्ध ओठ भएको मानिस हुँ, र अशुद्ध ओठ भएका मानिसहरूका बीचमा म बस्तछु, र मैले मेरा आँखाले सर्वशक्तिमान् परमप्रभु महाराजाधिराजलाई देखेको छु।" र लूका ५:१-१० "१ मानिसहरू परमेश्वरको वचन सुन्न उहाँका चारैपट्टि ठेलमठेला गरिरहेका थिए, अनि उहाँ गनेसरेत झीलको किनारमा उभिरहनुभएको थियो। २ उहाँले झीलको किनारमा दुई वटा डुङ्गा देख्नुभयो, तर जालहारीहरूचाहिँ डुङ्गा बाहिर बसी आफ्ना जालहरू धोइरहेका थिए। ३ ती दुईमध्ये एउटा डुङ्गाचाहिँ सिमोनको थियो। त्यसमा चढ़ेर उहाँले डुङ्गालाई किनारबाट अलि पर लैजान लाउनुभयो। उहाँले डुङ्गामा बसेर भीड़लाई शिक्षा दिन लाग्नुभयो। ४ बोलिसक्नुभएपछि, उहाँले सिमोनलाई भन्नुभयो, "गहिरोतिर लगेर माछा पक्रनलाई आफ्ना जाल हान।" ५ तर सिमोनले भने, 'गुरुज्यू, हामीले रातभरि मेहनत गरेर पनि केही फेला पारेनौं, तापनि तपाईंको वचनअनुसार म जाल हान्नेछु।" ६ अनि जब त्यसो गरे, तब तिनीहरूले एक थुप्रो माछा पक्रे, र तिनीहरूका जाल फाट्न लागे। ७

तिनीहरूले अर्को डुङ्गामा भएका साझेदारहरूलाई आएर सहायता गर्ने इशारा गरे, र आएर तिनीहरूले दुवै डुङ्गा माछाले भरे, यहाँसम्म कि डुङ्गाहरू डुब्न लागे। ८ तब यो देखेर येशूको पाउमा घोप्टो परी सिमोन पत्रुसले भने, "हे प्रभु, मबाट जाइजानुहोस्, किनभने म पापी मानिस हुँ।" ९ यतिका माछा पक्रेको देखेर तिनी र तिनको साथमा हुनेहरू सबैले साह्रै अचम्म माने। १० त्यसै गरी जब्दियाका छोराहरू याकूब र यूहन्ना पनि छक्क परे। तिनीहरू सिमोनसँग साझेदार थिए।" येशूले सिमोनलाई भन्नुभयो, "नडराऊ, अब उप्रान्त तिमीले मानिसहरूलाई पक्रनेछौ।"

ती दुवै विवरणमा बाइबलले देखाउन खोजेको मूल सत्यताको ज्वलन्त उदाहरणहरू पाइन्छ। ती विवरणहरूले मानिसहरूको पापको भन्डाफोर गर्दछन्। अय्यूबको पुस्तकको सुरमा अय्यूबको बारेमा हामीलाई यसरी जानकारी गराएको थियो "अय्यूबले जे ठिक छ त्यही गर्छन्। उनले परमेश्वरप्रति श्रद्धा राख्दथे र दुष्ट तथा खराब कामहरूलाई पन्छाएर बस्दथे" (अय्यूब १:१ रूपान्तरित)। परमेश्वरको बिरोधमा अय्यूब जाओस् भनेर शैतानले धेरै प्रयत्न गर्छ। तर आफूमाथि जे बज्रपात भएतापनि अय्यूबले परमेश्वरमाथिको निष्ठालाई त्यागेका हुँदैनन्। यहाँ परमेश्वरमा विश्वासको अडान लिने बलियो विश्वासिलोको अनुकरणीय उदाहरण अय्यूबमा देख्छौं।

र के त? जब यशैयाले स्वर्गमा परमेश्वरको उपस्थितिको दर्शन पाए र पत्रुसले येशूको उपस्थितिमा जुन् परमेश्वरको पवित्रता र शक्तिको अनुभूति पाए त्यसबेला आफूहरू कतिको पापी थिए तिनीहरू महसुस गरेका थिए। अय्यूबले पनि परमेश्वरको उपस्थितिको अनुभवमा आफ्नो पापी स्वभाव र उहाँको सामु आफू कतिको सानो रहेछ भनेर भावना जागेर आएको थियो। हामी सबै पतित छौं र पापै पापले क्षतबिक्षत भएका छौं। हामीहरूको प्राकृतिक स्वभाव यसरी बिग्रियो कि परमेश्वर जे चाहनुहुन्छ उहाँको त्यस चाहनासँग हामी बाझिन पुग्छौं। त्यसैकारण हामीहरूकै अथक प्रयासले हामीले मुक्ति पाउन सक्दैनौं वा परमेश्वरको राज्यमा पस्न सक्दैनौं। कुनै किसिमको असल काम, सामाजिक सेवा, दानी वा धर्मकर्म आदिद्वारा परमेश्वरको मन हामीले जित्न सक्दैनौं। हामीहरूको साधुपना परमेश्वरको सामु पर्याप्त छैन। त्यसैकारण हामी सबैलाई परमेश्वरको अनुग्रहको आवश्यकता छ। अय्यूब जस्तो धर्मात्मा, निर्दोषी, जे ठिक छ त्यही गर्ने, परमेश्वरप्रति अथाह श्रद्धा राख्ने र खराब कुराहरू पन्छाएर यदि हामी बस्न चाहन्छौं भने हामी सबैलाई

परमेश्वरको अनुग्रह चाहिन्छ। हामीलाई उद्धारकर्ता वा मुक्तिदाताको आवश्यकता छ। हामीहरूको निम्ति हामीले कहिले गर्न नसक्ने काम गर्ने व्यक्तिको आवश्यकता छ। भाग्यवस, हामीहरूलाई चाहिने सबै आवश्यकताहरू प्रभु येशूमा छन्।

**तपाईं अहिले परमेश्वरको सामु मुखामुख भएर उभिनुभएको छ रे? उहाँको उपस्थितिको सामु तपाईंको अनुभव कस्तो हुनेछ?**

## उपसंहारः

थप जानकारीः **"बिभिन्न विज्ञान र कलाहरूद्वारा (शैक्षिक विषयबस्तुहरू) यस संसारमा ज्योतिको भल बगाउन परमेश्वरले अनुमति दिनुभएको छ। तर जब वैज्ञानिकहरूले ती विषयबस्तुहरू केवल मानव दृष्टिकोणलेमात्र हेर्दछ भने तिनीहरू गलत निश्कर्षमा पुग्न सक्दछन्। परमेश्वरका सृष्टिको वाख्या गर्न परमेश्वरको वचनलाई वेवास्ता गरेर केवल मानव विज्ञानको सिद्धान्तहरूमा मात्र छोडियो भने के हुन्छ होला? तिनीहरू समुद्रमा हराइरहेका बिना नक्सा र कम्पासको जहाज जस्तै हुनेछ। विज्ञान र परमेश्वरको बारेमा खोजनिति गर्दै व्याख्या गर्न जुनसुकै महान् दिमागहरू पनि अन्यौंलमा पर्नसक्छ। किनभने सृष्टिकर्ता र उहाँका कामहरू तिनीहरूको सिमित दिमाग वा बुझाइभन्दा अपार छ जसले गर्दा परमेश्वर र प्राकृतिक नियमहरूको बारेमा तिनीहरूले व्याख्या गर्न सक्दैन। बाइबलका इतिहास असत्य र काल्पनिक भनेर ती बुज्रुक वा विद्धान भनाउँदाहरूले सोच्दछन्। पुरानो र नयाँ करारमामा राखिएका लेखाहरूको शङ्का गर्ने मानिसहरूले परमेश्वरको वास्तविकता वा अस्तित्वप्रति पनि शङ्का गर्न अग्रसर गराउँछ। त्यसले गर्दा तिनीहरूले पकडि राख्ने अङ्कुस गुमाएको हुन्छ। अनि तिनीहरू अनिष्ठ वा अविश्वासीको चट्टानमा ठक्कर पार्न एक्लिन पुगेको हुन्छ।"**-एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. ११३बाट रूपान्तरित।

## चिन्तनमननः

अ. एलेन जी ह्वाइटले व्यक्त गर्नुभएको माथिको भनाईलाई गहिरिएर सोच्नुहोस्। वर्तमा परिप्रेक्ष्यमा विशेष गरेर विज्ञानले मानिसहरूलाई कुन् बाटोमा लम्क्याइरहेको छ? परमेश्वरको वचनसँग बिद्रोह गर्न सिकाउन विज्ञानले खेलिरहेको कस्ता

अग्रज भूमिका खेलिरहेकाछन् वा त्यसमा के के विषयबस्तुहरू समावेश भएका छन्?

आ. अठार्हौं शताब्दीमा रहेका विश्व विख्यात लेखक र गणित शास्त्री अल्फ्रेड नर्थ ह्वाइटहेडले यसरी व्यक्त गरेका थिए, "सन्ताउन्न वर्ष अघि क्यम्ब्रिज बिश्वविद्यालयमा म एक युवक विद्यार्थी थिएँ। त्यसबेलाका ख्यातिप्राप्त र बिलक्षिण गणितज्ञ र वैज्ञानिकहरूले मलाई सिकाएका थिए र ती विषयबस्तुहरूमा मैले राम्रै गरेको थिएँ। जब उन्नाइसौं शताव्दीले फड्को मारे तब मैले सत्य भनेर सिकेका नितिहरू झुठा सावित भएर पन्छिएको हेर्न पाएँ।...तै पनि जब जब विज्ञानमा नयाँ दर्शन वा ज्ञानहरू पत्ता लगाउँछन् तब तब मानिसहरूले यो भनिरहेको मैले पाएँ, "अन्तमा हामीहरूले सत्य कुरो पत्ता लगायौं।" संसारका महान् वैज्ञानिक वा वुद्धिजिवीहरूले सिकाएका कुराहरू सत्य हुन् भनेर हामी कसरी सतर्क हुनुपर्छ भनेर त्यस उद्गारले हामीलाई के सिकाउँछ? (विशेष गरेर मानव ज्ञानसँग परमेश्वरको वचन बाझिन्छ भने त्यसमा हामी झन सजग हुनुपर्छ)।

इ. आधुनिक विज्ञानले सृष्टिका अचम्म कामहरू हामीहरूको सामु केही के के देखाएका छन् जुन अय्यूबको पालमा र दुई सय वर्षअघिसम्म रहेका मानिसहरूलाई थाहा थिएन ती सबै थोकहरूले हामीहरूको प्रभुको सृष्टि गर्ने शक्तिलाई कसरी देखाउँछ?